**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६६/४/२३ गते शुक्रवार देखि २०६६/४/२८ गते वुधवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ८५ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४२९८ कारोबारबाट ३८ करोड ९३ लाख ३८ हजार रुपैयाँ बराबरका ६ लाख ४२ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४७.८२ प्रतिशतले वृद्धि भएको हो । गत साता ४०४६ शेयर कारोबारबाट २६ करोड ३३ लाख ८३ हजार रुपैयाँ बराबरका ५ लाख १६ हजार ४ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र २२ करोड ४३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५७.६२ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २३.५६ अंकले वृद्धि भई अन्तिम दिन ७१७.२० विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७२०.२६ | ४३४.३२ | ३६३.९५ | ६६३.८१ | ९४४.८१ | २८१.७८ | ६४५.६८ | ६७७.९९ | ७३१.३६ | ६९३.६४ | १८३.०७ | ६६.७० |
| दोस्रो | ७१४.५७ | ४३४.३२ | ३६३.९५ | ६६२.६४ | ९४५.१३ | २८१.७८ | ६४५.८१ | ६८०.७५ | ७२८.४४ | ६९०.३२ | १८२.०७ | ६६.३५ |
| तेस्रो | ७१६.५६ | ४३४.३२ | ३६३.९५ | ६५७.९४ | ९४४.६३ | २८१.७८ | ६४७.१७ | ६८०.१६ | ७२२.६० | ६९०.२२ | १८२.१८ | ६६.४४ |
| चौथो | ७६२.१३ | ४३४.८९ | ३६३.९५ | ६५९.११ | ९५५.८१ | २८१.७८ | ६४८.६३ | ६८२.३० | ७३२.२३ | ७१७.२० | १९२.३० | ६९.३७ |
| परिवर्तन | ४१.८७ | ०.५७ | ०.०० | -४.७० | ११.०० | ०.०० | २.९५ | ४.३१ | ०.८७ | २३.५६ | ९.२३ | २.६७ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ९.२३ अंकले वृद्धि भई १९२.३० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ८४ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (१ लाख ७६ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (३९२ वटा) को आधारमा बैंक अफ एशिया नेपाल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ३८.४९ |
| २ | बैंक अफ काठमाण्डू | ३४.०९ |
| ३ | सिटिजनस् बैंक इन्टरनेशनल | २५.५७ |
| ४ | नेपाल इन्भष्टमेन्ट बैंक | २४.४६ |
| ५ | वुटवल पावर कम्पनी | २३.४८ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।